# माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४० औं** **मिति : २०८१/०६/१०**

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८१ भदौ २३ गते भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

मिति : हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुवाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्वन्धमा ।

**निर्णय नं. २**

मिति : हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुवाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

माङसेवुङ गाउँपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकीहरु तथा सशस्त्र प्रहरी कार्यालयलाई मौलो पूजाका लागि खर्च सहयोग गर्ने सम्वन्धमा ।

**निर्णय नं. ३**

माङसेवुङ गाउँपालिकाभित्र रहेका प्रहरी चौकीहरु तथा प्रहरी बिटलाई प्रति चौकी/विट रु. १८,०००।- का दरले तथा चिसोपानी पञ्चमीस्थित सशस्त्र प्रहरी वेसलाई रु. २८,०००।- मौलो पूजाका लागि खर्च सहयोग गर्ने । उक्त खर्च 'विविध कार्यक्रम' शीर्षकबाट व्यहोर्ने ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : विनोद कुमार चौहान*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

माङसेबुङ गाउँपालिका, इलाम

गाउँ कार्यपालिकाको बैठक

बैठक संख्या : ४१ औं

मिति : २०८१/०७/२६

आज मिति २०८१ साल कार्तिक २६ गते सोमबारका दिन माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राई ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा, गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति :

| क्र. सं. | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | १ नं वडा अध्यक्ष | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | २ नं वडा अध्यक्ष | | |
| ५ | श्री लक्ष्मन राई | ३ नं वडा अध्यक्ष | | |
| ६ | श्री नविन लिम्बू | ४ नं वडा अध्यक्ष | | |
| ७ | श्री नरेन्द्र कुमार राई | ५ नं वडा अध्यक्ष | | |
| ८ | श्री प्रदिप साङपाङ | ६ नं वडा अध्यक्ष | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री दिलशेर राई | सचिव | | |
| १५ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

## माङसेबुङ गाउँपालिका, इलाम
## गाउँ कार्यपालिकाको बैठक

**बैठक संख्या : ४१ औं** **मिति : २०८१/०७/२६**

---

**प्रस्ताव नं. १**

अघिल्लो बैठकको कार्यान्वयनको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. १ :** मिति : २०८१ असोज १० गते भएको बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

**प्रस्ताव नं. २**

सेवा प्रवाहको स्थितिको समीक्षा गर्ने सम्बन्धमा ।

**निर्णय नं. २**

मिति : हालसम्म गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट भए गरेका सेवा प्रवाहको स्थितिको समीक्षा गरियो । कमी कमजोरीहरु सुधार्दै जाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३**

गजुरमुखी धाम पुजाको लागि खर्च उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ३**

माङसेबुङ गाउँपालिका वडा नं. १ स्थित गजुरमुखी धाममा हरेक वर्ष कार्तिके पूर्णिमाको दिन गाउँपालिकाको तर्फबाट पुजाआजा गरिदै आएको र सोही परंपरा बमोजिम यस वर्ष पनि २०८१ साल कार्तिक २८ गते कार्तिके पूर्णिमाको दिन गजुरमुखी धाममा पुजा गरिने भएको हुँदा उक्त पुजाको लागि यस गाउँपालिकाका अधिकृत छैठौं (इन्जिनियरिङ) श्री युवराज दाहाल मार्फत उक्त पुजा सम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्ने गराउने गरी गत वर्ष सरह यस वर्ष पनि पुजा खर्चको लागि विविध खर्च शीर्षकबाट रु ५०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४**

आत्मा पवित्र किरातेश्वर गौशाला निर्माण योजना वडा नं.५ लारुम्वाको काम उपभोक्ता समिति मार्फत संचालन गर्ने सम्वन्धमा ।

**निर्णय नं. ४**

चालु आ.व. २०८१।०८२ मा कोशी प्रदेश सरकार बाट हस्तान्तरित कार्यक्रम ( सर्शत अनुदान ) अन्तर्गत माङसेबुङ गाउँपालिका वडा नं.५ लारुम्बामा आत्मा पवित्र किरातेश्वर गौशाला निर्माण योजना समेत हस्तान्तरण भै आएको र उक्त योजनामा रु २०,००,००० रकम विनियोजन भई आएकोमा उक्त योजना स्थानीय उपभोक्तहरुबाट गठित उपभोक्ता समिति मार्फत संचालन गर्दा उपयुक्त हुने देखिएकोले तत्काल उपभोक्ता समिति गठन गरी उक्त समिति मार्फत योजना संचनलन गर्ने निर्णय गरियो ।

दिलशेर राई
प्रशासकीय अधि...

**प्रस्ताव नं. ५**

गजुरमुखी खेलकूद कार्यक्रमको लागि बजेट उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ५**

चालु आ.ब. २०८१।०८२ मा युवा तथा खेलकुद कार्यक्रम शीर्षकमा विनियोजित रु १०,००,०००।- मध्येबाट कार्तिके पूर्णमाको अवसरमा गजुरमुखी धाममा संचालन गरिने खेलकुद कार्यक्रमका लागि रु ५०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

---

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ को देहाय (ज) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको हैसियतले कार्यपालिकाको बैठकको निर्णय प्रमाणित गर्दछु ।*

*सही :*

*नाम : दिलशेर राई*

*पद : प्रमुख प्रशासकीय अधिकृत*

दिलशेर राई
प्रमुख प्रशासकीय अधिकृत

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इलाम